# बाली निरीक्षक, बीउ बिजन नमुना सङ्कलक तथा बीउ बिजन विश्लेषकको नियुक्ति, अनुमतिपत्र दिने व्यवस्था र अनुगमन सम्बन्धी निर्देशिका, २०७३

नेपाल सरकार
कृषि विकास मन्त्रालय
**बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र**
हरिहरभवन, ललितपुर, नेपाल

फोन नं.: ९७७-१-५५२१३५९
इमेलः sqccnepal@gmail.com
फ्याक्स नं.: ९७७-१-५५२६२७६
वेभसाइटः www.sqcc.gov.np

सम्पर्कः
नेपाल सरकार
कृषि विकास मन्त्रालय
**बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र**
हरिहरभवन, ललितपुर, नेपाल

---

फोन नं.: ९७७-१-५५२१३५९
फ्याक्स नं.: ९७७-१-५५२६२७६
इमेलः sqccnepal@gmail.com
वेभसाइटः www.sqcc.gov.np

---

प्रकाशन : .............. प्रति
मिति : २०७४, .............

# बाली निरीक्षक, बीउ बिजन नमुना सङ्कलक तथा बीउ बिजन विश्लेषकको नियुक्ति, अनुमतिपत्र दिने व्यवस्था र अनुगमन सम्बन्धी निर्देशिका, २०७३

तथा

# बीउ बिजन व्यवसायी दर्ता एवम् अनुगमन निर्देशिका २०७३


नेपाल सरकार

कृषि विकास मन्त्रालय

**बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र**

हरिहरभवन, ललितपुर

# बाली निरीक्षक, बीउ बिजन नमुना सङ्कलक तथा बीउ बिजन विश्लेषकको नियुक्ति, अनुमतिपत्र दिने व्यवस्था र अनुगमन सम्बन्धी निर्देशिका, २०७३

(नेपाल सरकारबाट स्वीकृत मिति: २०७३/५/१५)

**प्रस्तावना :** नेपाल भित्र उत्पादन हुने बीउ बिजन, तिनको प्रशोधन, भण्डारण एवम् बाह्य मुलुकबाट आयात गरिने बीउ बिजन र त्यस्ता बीउ बिजनको बिक्री वितरण एवम् उपयोगमा संलग्न व्यक्ति, संस्था वा निकायबाट हुने काम कारवाहीको नियमित निरीक्षण तथा अनुगमन गरी गुणस्तरीय बीउको उपयोग बृद्धि गर्ने कार्यमा थप टेवा पुऱ्याई बीउ बिजन अनुगमन तथा निरीक्षण, बीउ बिजन नमुना सङ्कलन र सङ्कलित बीउ बिजनका नमुनाहरूको परीक्षण तथा विश्लेषण कार्यमा सहजता ल्याउन बाली निरीक्षक, बीउ बिजन नमुना सङ्कलक तथा बीउ बिजन विश्लेषकको नियुक्ति प्रक्रियालाई स्पष्ट र सरल बनाउन वाञ्छनीय भएकोले, बीउ बिजन नियमावली, २०६९ को नियम ३९ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय बीउ बिजन समितिले यो निर्देशिका बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो निर्देशिकाको नाम "बाली निरीक्षक, बीउ बिजन नमुना सङ्कलक तथा बीउ बिजन विश्लेषकको नियुक्ति, अनुमतिपत्र दिने व्यवस्था र अनुगमन सम्बन्धी निर्देशिका, २०७३" रहेको छ ।

(२) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा, -

(क) "ऐन" भन्नाले बीउ बिजन ऐन, २०४५ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले बीउ बिजन नियमावली, २०६९ सम्झनु पर्छ ।

(ग) "निर्देशिका" भन्नाले बाली निरीक्षक, बीउ बिजन नमुना सङ्कलक तथा बीउ बिजन विश्लेषकको नियुक्ति, अनुमतिपत्र दिने व्यवस्था र अनुगमन सम्बन्धी निर्देशिका, २०७३ सम्झनु पर्छ ।

(घ) "सचिवालय" भन्नाले राष्ट्रिय बीउ बिजन समितिको सचिवालय सम्झनु पर्छ ।

(ङ) "कार्य समिति" भन्नाले यस निर्देशिका बमोजिम गठन हुने पाठ्यक्रम निर्धारण तथा परीक्षा सञ्चालन कार्य समिति सम्झनु पर्छ ।

३. **बाली निरीक्षक, बीउ बिजन नमुना सङ्कलक तथा बीउ बिजन विश्लेषक सम्बन्धी व्यवस्था** : (१) कुनै निश्चित जिल्लामा बाली निरीक्षक, बीउ बिजन नमुना सङ्कलक तथा बीउ बिजन विश्लेषकको नियुक्ति, अनुमतिपत्र दिने व्यवस्था र अनुगमन सम्बन्धी व्यवस्था ऐनको दफा १६ बमोजिम हुनेछ ।

(२) समितिको निर्णयानुसार त्यस्ता बाली निरीक्षक, बीउ बिजन नमुना सङ्कलक तथा बीउ बिजन बिश्लेषकको नियुक्ति प्रक्रिया सचिवालयले अगाडि बढाउनेछ ।

(३) बाली निरीक्षक, बीउ बिजन नमुना सङ्कलक तथा बीउ बिजन विश्लेषकको नियुक्ति लिखित परीक्षाको नतिजाको आधारमा गरिनेछ। लिखित परीक्षामा चालिस प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने कुनै पनि उम्मेदवारलाई नियुक्तिको लागि सिफारिश गरिने छैन ।

४. **मुद्दाको तहकिकात र दायरी** : (१) वीउ विजन सम्बन्धी मुद्दाको तहकिकात र दायरी नेपाल सरकारले निजामती कर्मचारी मध्येबाट तोकेका बीउ बिजन नमुना सङ्कलकले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दाको तहकिकात र दायरी गर्दा बीउ बिजन नमुना सङ्कलकले नेपाल सरकारले निजामती कर्मचारी मध्येबाट तोकेका बाली निरिक्षक र बीउ बिजन विश्लेषकको आवश्यकता अनुसार सहयोग लिन सक्नेछ ।

५. **कार्य समितिको गठन** : (१) परीक्षाको पाठ्यक्रम निर्धारण तथा परीक्षा सञ्चालनको लागि समितिको निर्णयानुसार केन्द्र प्रमुखको संयोजकत्वमा निम्न पदाधिकारीहरू रहेको कार्य समिति गठन गरिनेछ ।

केन्द्र प्रमुख – संयोजक

केन्द्रका सम्बन्धित शाखाका प्रमुखहरू — सदस्य

सचिवालयमा कार्यरत वरिष्ठ बीउ विकास अधिकृत — सदस्य-सचिव

(२) यस कार्य समितिका पदाधिकारीहरूले नियमावलीको नियम ३ अनुसार गठित उपसमितिका पदाधिकारीहरूले पाए सरहको सुविधा पाउनेछन् ।

(३) पाठ्यक्रम निर्धारण तथा परीक्षा सञ्चालन सम्बन्धी कार्यमा कार्य समितिले आवश्यक देखेमा विशेषज्ञको राय सुझाव लिन सक्नेछ ।

६. **पाठ्यक्रम तयारी :** (१) बाली निरीक्षक, बीउ बिजन नमुना सङ्कलक तथा बीउ बिजन विश्लेषक नियुक्तिको प्रक्रिया शुरु हुनु भन्दा अगाडि नै कार्य समितिले परीक्षाको पाठ्यक्रम तयार गर्नेछ। यसरी तयार गरिएको पाठ्यक्रमलाई समय सापेक्ष बनाउन कार्य समितिले आवश्यकता अनुसार परिमार्जन गर्न सक्नेछ ।

(२) पाठ्यक्रम तयारी तथा परिमार्जनको काम गरेबापत कार्य समितिका पदाधिकारी तथा विशेषज्ञले समितिले तोके अनुसारको प्रोत्साहन भत्ता पाउनेछन् ।

७. **परीक्षा आवेदनको लागि सूचना प्रकाशन :** (१) पाठ्यक्रम तयार भइसकेपछि कार्य समितिले परीक्षामा सम्मिलित हुन चाहने योग्यता पुगेका व्यक्तिहरूका लागि नियमावलीको नियम २९ बमोजिम दरखास्त दिने सूचना राष्ट्रिय स्तरका दैनिक पत्रिकामा प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशन हुने सूचनामा नियमावलीको नियम २९ मा उल्लेखित कुराहरूका आतिरिक्त देहायका कुराहरू खुलाइएको हुनु पर्नेछ ।

(क) अनुसूची १ बमोजिमको दरखास्त फाराम पाइने स्थान,

(ख) परीक्षा दस्तुर दाखिला गर्ने निकाय र स्थान,

(ग) दरखास्त दिने अन्तिम मिति र स्थान,

(घ) हालसालै खिचेको पासपोर्ट साइजको तीन प्रति फोटो,

(ङ) दरखास्त दस्तुरबापत तीनसय रुपैयाँ बुझाउनु पर्नेछ र सो रकम बुझाएको बैंक भौचर वा कार्यालयमा नगद दाखिला गरेको रसिद संलग्न राख्नु पर्नेछ ।

८. **लिखित परीक्षाको लागि प्रश्नपत्र निर्माण :** (१) बाली निरीक्षक, बीउ बिजन नमुना सङ्कलक तथा बीउ बिजन विश्लेषकको परीक्षामा वस्तुगत तथा विषयगत प्रश्न सोधिनेछन् ।

(२) कूल पूर्णाङ्कको चालिस प्रतिशत भार वस्तुगत प्रश्नले र साठी प्रतिशत भार विषयगत प्रश्नले ओगट्नेछ । परीक्षामा सोधिने प्रश्नपत्रको संरचना देहाय बमोजिम हुनेछ ।

| | किसिम | संख्या (वटा) | समय (मिनेट) | भार (प्रतिशत) |
|---|---|---|---|---|
| (क) | वस्तुगत बहुउत्तर | ४० | ४० | ४० |
| (ख) | छोटो छोटो उत्तर | ६ | ५० | ३० |
| (ग) | विश्लेषणात्मक उत्तर | २ | ६० | ३० |

(३) बाली निरीक्षक, बीउ बिजन नमुना सङ्कलक तथा बीउ बिजन विश्लेषकको परीक्षाको लागि पाठ्यक्रम तयार हुनासाथ कार्य समितिले आफ्ना सदस्य तथा आवश्यक ठहऱ्याएका विषय विशेषज्ञहरूबाट गोप्य रूपमा प्रश्नहरू संकलन गरी प्रश्न बैंक तयार गर्नेछ ।

(४) प्रश्न बैंकबाट प्रश्नहरू छनौट गरी प्रश्नपत्र तयार गर्ने तथा छाप्ने काम सचिवालयले गोप्य रूपमा परीक्षा शुरू हुनुभन्दा कम्तिमा तीन दिन अगावै सम्पन्न गरी सिलबन्दी गरिसक्नेछ ।

(५) काठमाडौं बाहिर परीक्षा सञ्चालन गरिएको खण्डमा परीक्षा सञ्चालन हुने अघिल्लो दिन परीक्षा केन्द्रमा प्रश्नपत्रहरू पुऱ्याई सक्नु पर्नेछ ।

९. **परीक्षा सञ्चालन :** (१) विभिन्न जिल्लाको लागि आवश्यक पर्ने बाली निरीक्षक, बीउ बिजन नमुना सङ्कलक तथा बीउ बिजन विश्लेषकको परीक्षा एकैसाथ वा छुट्टाछुट्टै रूपमा सञ्चालन गर्न सकिनेछ ।

(२) परीक्षा केन्द्रमा परीक्षा सञ्चालनको सम्पूर्ण व्यवस्था सचिवालयले मिलाउनुको साथै परीक्षाको लागि प्राप्त सिलबन्दी प्रश्नपत्र पनि त्यहाँ उपस्थित परीक्षामा खटिएका व्यक्तिहरूको रोहवरमा खोली सहिछाप गर्नु पर्नेछ ।

(३) पाठ्यक्रम निर्धारण तथा परीक्षा सञ्चालन कार्य समितिका सदस्य-सचिवले केन्द्राध्यक्षको जिम्मेवारी सम्हाल्नेछन् ।

(४) केन्द्राध्यक्षले परीक्षा सञ्चालनको लागि आवश्यकता अनुसार सुपरिवेक्षक तथा अन्य कर्मचारीको व्यवस्था गर्नेछन् । सुपरिवेक्षकको संख्या प्रत्येक १५ जना परीक्षार्थीको लागि एकजनाको हिसाबले कायम गरिनेछ ।

(५) केन्द्राध्यक्ष, सुपरिवेक्षक तथा अन्य कर्मचारी परीक्षा सञ्चालन हुनुभन्दा एक घण्टा अगावै परीक्षा केन्द्रमा पुगी सीट प्लानिङ्ग लगायत परीक्षाको अन्य आवश्यक व्यवस्था मिलाउनेछन् ।

(६) परीक्षा शुरू हुनुभन्दा पन्ध्र मिनेट अगावै परीक्षार्थीलाई हलमा प्रवेश गराई आ-आफ्नो स्थानमा राखिनेछ ।

(७) परीक्षाको समय २ घण्टा र ३० मिनेटको हुनेछ र परीक्षा शुरू भएको एकघण्टा व्यतित् नभई कुनै पनि परीक्षार्थीलाई हलबाट बाहिर जाने अनुमति दिइने छैन ।

(८) परीक्षा सम्पन्न भई सकेपछि सबै उत्तरपुस्तिकाहरू संकलन गरी सिलबन्दी गरिनेछ । सिलबन्दी गरिएका उत्तरपुस्तिकाहरू केन्द्राध्यक्षले आफ्नो जिम्मामा सचिवालयमा राख्नेछन् ।

**१०. <u>उत्तरपुस्तिका परीक्षण</u> :** (१) केन्द्राध्यक्षले परीक्षा सम्पन्न भएको एक महिनाभित्र उत्तरपुस्तिका परीक्षणको व्यवस्था मिलाउनेछन् । उत्तरपुस्तिकामा गोपनियता कायम गर्न कोड नम्बर राखी यसको आधारमा सम्बन्धित विज्ञहरूबाट सचिवालयमै बसी परीक्षण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उत्तरपुस्तिका परीक्षणको कार्य सम्पन्न भइ सकेपछि तत्कालै नम्बर कम्पाइल गरी उत्तरपुस्तिका परीक्षणमा संलग्न सबैको रोहवरमा सिलबन्दी गरी केन्द्राध्यक्षले कार्य समिति समक्ष पेश गर्नेछन् ।

(३) उत्तरपुस्तिका परीक्षण गरे बापत पारिश्रमिकको व्यवस्था समितिले तोकेबमोजिम हुनेछ ।

**११. <u>लिखित परीक्षाको नतिजा प्रकाशन</u> :** (१) केन्द्राध्यक्षले कार्य समितिमा पेश गरेको नतिजा समितिमा पेश हुनेछ । समितिले नतिजा अनुमोदन गरेपछि परीक्षामा चालिस प्रतिशतभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारहरूको प्राप्ताङ्कको आधारमा रोलक्रम तयार गरी जिल्लागत रूपमा कार्य समितिले परीक्षाफल प्रकाशन गर्नेछ । यसरी लिखित परीक्षाको नतिजा प्रकाशन गरी सकेपछि ४० प्रतिशतभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरूले अन्तिम नतिजा प्रकाशन भएको पैंतीस दिन भित्र सिफारिसपत्र लिई सक्नु पर्नेछ ।

(२) सचिवालयले उपदफा (१) बमोजिम अनुमतिपत्रको लागि सिफारिश भएको एकप्रति पत्र सम्बन्धित उम्मेदवारलाई अनुसूची-२ को ढाँचामा उपलब्ध गराउनेछ ।

(३) यसरी सिफारिसपत्र पाएका व्यक्तिहरूले अनुमतिपत्र लिई समितिले तोकेमा अन्य जिल्लामा पनि काम गर्न सक्नेछन् ।

(४) यस्तो सिफारिसपत्र पाएका व्यक्तिले अनिवार्य रुपमा आफूले अनुमतिपत्र पाउने वा पाएको विषयमा तालिम लिएपछि मात्र काम शुरु गर्न स्वीकृति पाउनेछन् ।

**१२. <u>व्यवसाय सञ्चालनको लागि अनुमतिपत्र सम्बन्धमा</u> :** (१) दफा ११ बमोजिम उत्तीर्ण उम्मेद्वारहरूले व्यवसाय सञ्चालन गर्नको लागि आवस्यक पर्ने अनुमतिपत्रको लागि नियमावलीको नियम ३०को उपनियम ४ बमोजिम आवेदनसाथ निम्नलिखित कागजात पनि सचिवालयमा पेश गर्नुपर्नेछ ।

(क) सिफारिश पत्र
(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
(ग) शैक्षिक योग्यता तथा अनुभवको प्रमाणपत्रको प्रतिलिपि
(घ) प्रत्येक विषयको लागि तीनसय रुपैयाँ बुझाएको सक्कलै बैंक भौचर
(ङ) सिफारिश भएको व्यक्ति सरकारी कार्यालयमा कार्यरत भएको भए सम्बन्धित कार्यालयको स्वीकृतीपत्र
(च) प्रतिलिपि पेश गरिने कागजातको सक्कल प्रमाणपत्र पनि साथमै ल्याउनुपर्नेछ ।

(२) नियुक्तिको लागि सिफारिश भएका उम्मेदवारले पैंतिस दिनभित्र अनुमतिपत्रको लागि निवेदन दिन पर्नेछ र निवेदन दिएको पन्ध्र दिन भित्र अनुमतिपत्र लिई सक्नु पर्नेछ ।

**१३. <u>अनुमतिपत्र वितरण र नवीकरण</u> :** दफा १२ अनुसार पेश भएको निवेदन र विवरणहरू अध्ययन तथा छानबीन गरी उचित र पर्याप्त देखिएमा सचिवालयले नियमावलीको नियम ३० को उपनियम ५ बमोजिम अनुमतिपत्र प्रदान गर्नेछ । यस्तो अनुमतिपत्रको नवीकरण नियमावलीको नियम ३१ बमोजिम हुनेछ ।

**१४.<u>सेवा प्रवाहको विवरण पेश गर्नुपर्ने</u> :** अनुमतिपत्र प्राप्त बाली निरीक्षक, बीउ बिजन नमुना सङ्कलक तथा बीउ बिजन विश्लेषकले एक आर्थिक बर्षमा आफूले पुऱ्याएको सेवा र त्यसबाट लाभान्वित व्यक्ति वा संस्थाको विवरण **अनुसूची-३** बमोजिम तयार गरी श्रावण मसान्त भित्र जिल्लास्थित कार्यालयमा पेश गरी सोको जानकारी सचिवालयमा दिनु पर्नेछ ।

**१५. <u>बाली निरीक्षक, बीउ बिजन नमुना सङ्कलक तथा बीउ बिजन विश्लेषकको अनुगमन</u> :** (१) बाली निरीक्षक, बीउ बिजन नमुना सङ्कलक तथा बीउ बिजन विश्लेषकले ऐन नियमले तोके अनुसारको कार्य सम्पादन गरे नगरेको कार्यालयले नियमित अनुगमन गर्नुको साथै केन्द्र एवम् सचिवालयका अधिकृतहरूले समेत समय समयमा निरीक्षण तथा अनुगमन गर्नेछन् ।

(२) निरीक्षण तथा अनुगमनमा जाने कर्मचारीले बाली निरीक्षक, बीउ बिजन नमुना सङ्कलक तथा बीउ बिजन विश्लेषकको कार्यसम्पादनमा साधारण कमी-कमजोरी वा सिकायत भेटेमा सुधारको लागि तत्कालै वा आफ्नो कार्यालय मार्फत लिखित वा मौखिक रूपमा निर्देशन दिन सक्नेछन् । यदि उनीहरूले गरेका कमी-कमजोरी गम्भीर प्रकृतिको पाइएमा अनुगमनमा जाने कर्मचारीले आफू सेवारत कार्यालयमार्फत सचिवालयमा जानकारी गराउनुपर्नेछ ।

**१६. <u>निर्देशिकामा संशोधन</u> :** यो निर्देशिकामा नेपाल सरकारको स्वीकृतिमा राष्ट्रिय बीउ बिजन समितिले आवश्यकताअनुसार संशोधन तथा थपघट गर्न सक्नेछ ।

# अनुसूची-१

(दफा ७ को उपदफा (२) (क) संग सम्बन्धित)

बाली निरीक्षक, बीउ बिजन नमुना सङ्कलक तथा बीउ बिजन विश्लेषकको
परीक्षामा सामेल हुन चाहने व्यक्तिले भर्ने फाराम

नेपाल सरकार
कृषि विकास मन्त्रालय
राष्ट्रिय बीउ बिजन समितिको सचिवालय, ..........

## बाली निरीक्षक, बीउ बिजन नमुना सङ्कलक तथा बीउ बिजन विश्लेषकको दरखास्त फाराम

उम्मेदवारको हालसालै खिचेको पासपोर्ट साइजको फोटो यहाँ टाँसी फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत गर्ने

### खण्ड क : दरखास्त दिन चाहेको पदसम्बन्धी विवरण

१. पद :
२. व्यवसाय सञ्चालन गर्न चाहेको जिल्ला :
३. विज्ञापन भएको मिति :
४. परीक्षा केन्द्र :

### खण्ड ख : उम्मेदवारको व्यक्तिगत विवरण

१. नाम : (क) देवनागरीमा -
२. लिङ्ग
(ख) अंग्रेजी (ठूला अक्षरमा) -
३. नागरिकता : (क) नम्बर - (ख) जारी गर्ने जिल्ला -
(ग) जारी गरेको मिति -
४. स्थायी ठेगाना : (क) गा.वि.स./न.पा. - (ख) वडा नं. -
(ग) टोल - (घ) जिल्ला - (ङ) फोन नं. -
५. पत्राचार गर्ने ठेगाना :
६. बाबुको नाम थर :
७. आमाको नाम थर :
८. बाजेको नाम थर :
९. जन्म मिति : (क) बि.सं. - (ख) इ.सं. -

**खण्ड ग : उम्मेदवारको शैक्षिक योग्यता र अनुभवसम्बन्धी विवरण** (पदको लागि आवश्यक मात्र भर्ने)

| (क) | शैक्षिक योग्यता | | | |
|---|---|---|---|---|
| **क्र.सं.** | **उपाधी** | **विश्वविद्यालय/विद्यालय** | **प्राप्ताङ्क प्रतिशत** | **श्रेणी** |
| | | | | |
| | | | | |
| (ख) | अनुभव | | | |
| **क्र.सं.** | **कार्यालय** | **पद** | **अवधि** | |
| | | | देखि | सम्म |
| | | | | |
| | | | | |

**खण्ड घ : दस्तखत**

१. लेखात्मक सही :  २. ल्याप्चे सहीछाप

३. मिति :

| दायाँ | बायाँ |
|---|---|
| | |

**खण्ड (ङ) : दरखास्त रुजु गर्ने अधिकृतले भर्ने**

| | |
|---|---|
| रसिद/भौचर नं. : | रोल नं.: |
| दरखास्त स्वीकृत/अस्वीकृत : | |
| दरखास्त रुजु गर्नेको दस्तखत : | |
| मिति : | |
| कार्यालयको नाम र छाप : | |

**द्रष्टव्यः** दरखास्तसाथ निर्देशिकाको दफा ८ मा उल्लिखित सबै कागजातहरू अनिवार्य पेश गर्नु पर्नेछ ।

नेपाल सरकार
कृषि विकास मन्त्रालय
राष्ट्रिय बीउ बिजन समितिको सचिवालय, ...........

## परीक्षार्थीको प्रवेशपत्र

**<u>परीक्षार्थीले पालन गर्नु पर्ने नियमहरू</u>**

१. परीक्षा दिन आउँदा अनिवार्य रूपमा प्रवेशपत्र लिई आउनुपर्नेछ । प्रवेशपत्र विना परीक्षामा सामेल गराइने छैन ।
२. कुनै कारणवस प्रवेशपत्र हराएमा परीक्षा सुरु हुनभन्दा कम्तिमा एक घण्टा अगावै रू. एकसय परीक्षा केन्द्रमा बुझाई प्रतिलिपि लिन सकिनेछ ।
३. परीक्षाको समय २ घण्टा र ३० मिनेटको हुनेछ र एकघण्टा व्यतित नभई कुनै पनि परीक्षार्थीलाई हलबाट बाहिर जान दिइने छैन ।
३. परीक्षा हुने स्थानमा मोवाइल ल्याउन पाइने छैन ।
४. परीक्षा सुरु हुनुभन्दा पन्ध्र मिनेट अगावै परीक्षा हलमा प्रवेश गरिसक्नुपर्नेछ ।
५. परीक्षार्थीले कापी किताबजस्ता शैक्षिक सामग्री परीक्षाको समयमा आफूसंग राख्न पाउने छैनन् ।
६. परीक्षार्थीले परीक्षा दिएको दिनको हाजिरी अनिवार्य रूपमा गर्नुपर्नेछ ।
७. परीक्षार्थीलाई कुनै प्रश्नको बारेमा स्पष्ट हुनुपरेमा अन्य परीक्षाथीलाई बाधा नपर्ने गरी परीक्षामा खटिएका कर्मचारीलाई प्रश्न सोध्नुपर्नेछ ।
८. परीक्षार्थी बिरामी परी वा अन्य कुनै कारणले परीक्षा दिन नसक्ने भएमा त्यसको लागि बैकल्पिक व्यवस्था गरिने छैन ।
१०. परीक्षाको समयमा परीक्षार्थीले मर्यादित व्यवहार गर्नुपर्नेछ । अमर्यादित व्यवहार प्रदर्शन गर्ने परीक्षार्थीको परीक्षा कार्य समितिले रद्द गर्न सक्नेछ ।

**परीक्षार्थीले भर्ने :**

१. परीक्षा दिन लागेको पद :

२. परीक्षा केन्द्र :

३. सूचना प्रकाशन भएको मिति :

४. परीक्षार्थीको नाम :

५. रोल नम्बर :

६. दस्तखत :

७. मिति :

**रुजुगर्ने अधिकृतले भर्ने :**

राष्ट्रिय बीउ बिजन समितिको सचिवालयबाट लिइने उक्त पदको परीक्षामा तपाईंलाई निम्न केन्द्रबाट सम्मिलित हुन अनुमति दिइएको छ । सूचनामा तोकिएको शर्त पूरा नभएको पाइएमा परीक्षाका लागि गठित कार्य समितिले यो अनुमति जुनसुकै समयमा पनि रद्द गर्न सक्नेछ ।

परीक्षा केन्द्र :

रोल नम्बर :

......................

(दस्तखत)

नेपाल सरकार
कृषि विकास मन्त्रालय
राष्ट्रिय बीउ बिजन समितिको सचिवालय, ..........

## परीक्षार्थीको प्रवेशपत्र

**परीक्षार्थीले पालन गर्नु पर्ने नियमहरू**

१. परीक्षा दिन आउँदा अनिवार्य रूपमा प्रवेशपत्र लिई आउनुपर्नेछ । प्रवेशपत्र विना परीक्षामा सामेल गराइने छैन ।
२. कुनै कारणवस प्रवेशपत्र हराएमा परीक्षा सुरु हुनभन्दा कम्तिमा एक घण्टा अगावै रू. एकसय परीक्षा केन्द्रमा बुझाई प्रतिलिपि लिन सकिनेछ ।
३. परीक्षाको समय २ घण्टा र ३० मिनेटको हुनेछ र एकघण्टा व्यतित नभई कुनै पनि परीक्षार्थीलाई हलबाट बाहिर जान दिइने छैन ।
३. परीक्षा हुने स्थानमा मोवाइल ल्याउन पाइने छैन ।
४. परीक्षा सुरु हुनुभन्दा पन्ध्र मिनेट अगावै परीक्षा हलमा प्रवेश गरिसक्नुपर्नेछ ।
५. परीक्षार्थीले कापी किताबजस्ता शैक्षिक सामग्री परीक्षाको समयमा आफूसंग राख्न पाउने छैनन् ।
६. परीक्षार्थीले परीक्षा दिएको दिनको हाजिरी अनिवार्य रूपमा गर्नुपर्नेछ ।
७. परीक्षार्थीलाई कुनै प्रश्नको बारेमा स्पष्ट हुनुपरेमा अन्य परीक्षाथीलाई बाधा नपर्ने गरी परीक्षामा खटिएका कर्मचारीलाई प्रश्न सोध्नुपर्नेछ ।
८. परीक्षार्थी बिरामी परी वा अन्य कुनै कारणले परीक्षा दिन नसक्ने भएमा त्यसको लागि बैकल्पिक व्यवस्था गरिने छैन ।
१०. परीक्षाको समयमा परीक्षार्थीले मर्यादित व्यवहार गर्नुपर्नेछ । अमर्यादित व्यवहार प्रदर्शन गर्ने परीक्षार्थीको परीक्षा कार्य समितिले रद्द गर्न सक्नेछ ।

**परीक्षार्थीले भर्ने :**

१. परीक्षा दिन लागेको पद :

२. परीक्षा केन्द्र :

३. सूचना प्रकाशन भएको मिति :

४. परीक्षार्थीको नाम :

५. रोल नम्बर :

६. दस्तखत :

७. मिति :

**रुजुगर्ने अधिकृतले भर्ने :**

राष्ट्रिय बीउ बिजन समितिको सचिवालयबाट लिइने उक्त पदको परीक्षामा तपाईंलाई निम्न केन्द्रबाट सम्मिलित हुन अनुमति दिइएको छ । सूचनामा तोकिएको शर्त पूरा नभएको पाइएमा परीक्षाका लागि गठित कार्य समितिले यो अनुमति जुनसुकै समयमा पनि रद्द गर्न सक्नेछ ।

परीक्षा केन्द्र :

रोल नम्बर :

.....................

(दस्तखत)

# अनुसूची-२

(दफा ११ को उपदफा (२) संग सम्बन्धित)

<u>बाली निरीक्षक, बीउ बिजन नमुना सङ्कलक तथा बीउ बिजन विश्लेषकमा अनुमतिपत्रको लागि सिफारिश गरिएको पत्र</u>

नेपाल सरकार
कृषि विकास मन्त्रालय
राष्ट्रिय बीउ बिजन समितिको सचिवालय, ..........

मिति :

**विषयः <u>सिफारिश पत्र</u> ।**

श्री..................................

..................................

यस सचिवालयले मिति .................... मा प्रकाशित सूचना अनुसार मिति .................. मा ........................ परीक्षा केन्द्रमा सञ्चालन गरेको बाली निरीक्षक, बीउ बिजन नमुना सङ्कलक वा बीउ बिजन विश्लेषक पदको परीक्षामा सम्मिलित हुने परीक्षार्थीमध्ये मिति .................. मा प्रकाशित नतिजा अनुसार .................... जिल्लाको ...................... पदमा अनुमतिपत्र प्राप्त गरी व्यवसाय सञ्चालन गर्न तपाईंको नाम सिफारिश भएको व्यहोरा जानकारी गराउँछु । अनुमतिपत्र प्राप्त गर्न निम्न उल्लेखित कागजात सहित ३५ दिनभित्र यस सचिवालयमा निवेदन पेश गर्नु होला । अन्यथा, तपाईंको नाम सिफारिश नगरिने बेहोरा समेत जानकारी गराइन्छ ।

**<u>अनुमतिपत्रको लागि पेश गर्नु पर्ने कागजात</u>**

१. सिफारिश पत्रको प्रतिलिपि
२. नियमावलीको अनुसूची-१५ बमोजिमको पूर्ण विवरण भरिएको निवेदन
३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
४. शैक्षिक योग्यता तथा अनुभवको प्रमाणपत्रको प्रतिलिपि
५. प्रत्येक बिषयको लागि रू. तीनसय बुझाएको सक्कलै बैंक भौचर
६. दरखास्तवाला निजामति कर्मचारी भएमा नीज सेवारत रहेको कार्यालयले दिएको स्वीकृतिपत्र
७. प्रतिलिपि पेश गर्नुपर्ने कागजातको हकमा सक्कल प्रमाणपत्र साथमै ल्याई सचिवालयमा कार्यरत अधिकृतबाट प्रमाणित गराउनु पर्नेछ ।

..............................
(सदस्य सचिव)

## अनुसूची-३

(दफा १४ संग सम्बन्धित)

बाली निरीक्षक, बीउ बिजन नमुना सङ्कलक तथा बीउ बिजन विश्लेषकले पेश गर्नु पर्ने सेवा प्रवाहको विवरण

**बिषय : सेवा प्रवाहको वार्षिक विवरण पेश गरेको बारे ।**

श्री राष्ट्रिय बीउ बिजन समितिको सचिवालय, ....................
श्री जिल्ला कृषि विकास कार्यालय, ....................

मैले आर्थिक बर्ष ............... मा गरेको सेवा प्रवाहको विवरण निम्नानुसार पेश गरेको छु ।

| क.सं. | सेवा प्रवाह गरेको | | | कैफियत |
|---|---|---|---|---|
| | मिति | विषय | व्यक्ति/संस्थाको नाम | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**नोटः** सेवा प्रवाह गरेको मितिमा शुरु मिति मात्र उल्लेख गर्ने ।

**विवरण पेश गर्नेको,**

दस्तखत :
नाम :
पद :
ठेगाना :
फोन नं. :
पेश गरेको मिति :

# बीउ बिजन व्यवसायी दर्ता एवम् अनुगमन निर्देशिका, २०७३

(नेपाल सरकारबाट स्वीकृत मितिः २०७३/५/१५)

**<u>प्रस्तावना</u> :** नेपालभित्र गुणस्तरयुक्त सूचित बीउ बिजनको व्यवस्थित तवरबाट बिक्री वितरणको लागि अनुमतिपत्र लिई बीउ बिजनको कारोबारमा संलग्न हुन चाहने व्यवसायीको दर्ता एवम् अनुगमन गर्न वाञ्छनीय भएकोले, बीउ बिजन नियमावली, २०६९ को नियम ३९ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय बीउ बिजन समितिले यो निर्देशिका बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u> :** (१) यो निर्देशिकाको नाम "बीउ बिजन व्यवसायी दर्ता एवम् अनुगमन निर्देशिका, २०७३" रहेको छ ।

(२) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृति भएको मितिदेखि लागू हुनेछ ।

२. **<u>परिभाषा</u> :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा, -

(क) "ऐन" भन्नाले बीउ बिजन ऐन, २०४५ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले बीउ बिजन नियमावली, २०६९ सम्झनु पर्छ ।

(ग) "निर्देशिका" भन्नाले बीउ बिजन व्यवसायी दर्ता एवम् अनुगमन निर्देशिका, २०७३ सम्झनु पर्छ ।

(घ) "समिति" भन्नाले बीउ बिजन ऐन, २०४५ को दफा ३ अनुसार गठित राष्ट्रिय बीउ बिजन समितिलाई सम्झनु पर्छ ।

(ङ) "नियमनकारी निकाय" भन्नाले ऐन तथा नियमावली कार्यान्वयनसँग सरोकार राख्ने बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र, क्षेत्रीय बीउ बिजन परीक्षण

प्रयोगशालाहरू, तथा जिल्ला कृषि विकास कार्यालयहरूलाई सम्झनु पर्छ ।

(च) "बीउ बिजन व्यवसायी" भन्नाले बीउ बिजन उत्पादन, प्रशोधन तथा बिक्री वितरणमा संलग्न हुने कुनै व्यक्ति, संस्था वा निकायलाई सम्झनु पर्छ ।

३. **<u>अनुमतिपत्र लिनुपर्ने</u>** : (१) कुनै व्यक्ति, संस्था वा निकायले सूचित बीउ बिजन उत्पादन वा खरीद गरी बिक्री वितरण गर्न चाहेमा नियमावलीको नियम १९ को उप-नियम (१) बमोजिम सम्बन्धित कार्यालयमा निवेदन दिई अनुमतिपत्र लिनु पर्नेछ ।

(२) उप-दफा (१) बमोजिम अनुमतिपत्र लिनको लागि देहाय अनुसारका कागजातहरू संलग्न गर्नु पर्नेछ :-

(क) नियमावलीको अनुसूची- ९ बमोजिमको निवेदन,

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) निवेदनसाथ चारसय रुपैयाँ राजस्व दस्तुर बुझाएको बैंक भौचर वा कार्यालयमा नगद दाखिला गरेको रसिद,

(घ) निवेदकको दुई प्रति पासपोर्ट साइजको फोटो,

(ङ) यदि निवेदकले कुनै संस्थाको तर्फबाट अनुमतिपत्र प्राप्त गर्न चाहेको भए त्यस्तो संस्थाको सिफारिस तथा संस्था दर्ताको प्रमाणपत्र, पान दर्ता प्रमाणपत्रको प्रतिलिपि, र

(च) निवेदकको शैक्षिक योग्यताको प्रमाणपत्र छ भने सोको प्रतिलिपि ।

(३) उप-दफा (२) बमोजिम कार्यालयमा प्राप्त हुन आएको निवेदनसाथ संलग्न कागजातहरू मध्ये पेश भएका प्रतिलिपिहरू सक्कल प्रमाणपत्रसंग भिडाई हेर्नु पर्नेछ र सबै कुरा दुरुस्त पाइएमा कार्यालयले निवेदन दर्ता गर्नु पर्नेछ ।

४. **<u>निवेदन छानबिन, व्यवसायी दर्ता, र अनुमतिपत्र वितरण</u>** : (१) बीउ बिजन व्यवसायीको रूपमा अनुमतिपत्र प्राप्त गर्न निवेदन दिने व्यक्ति, संस्था वा निकायबारे कार्यालय थप स्पष्ट हुन चाहेमा निवेदनसाथ संलग्न

भएका बाहेक सम्बन्धित अन्य विवरण पनि माग गर्न सक्नेछ र माग गरेको विवरण पेश गर्नु सम्बन्धित निवेदकको दायित्व हुनेछ ।

(२) निवेदनमा खुलाइएको कुनै विवरण स्पष्ट नभए वा कुनै विषयमा शंका लागेमा कार्यालयले निरीक्षणको लागि कर्मचारी खटाउन सक्नेछ । यस्तो अवस्थामा निरीक्षणमा जाने कर्मचारीले दिएको प्रतिवेदनको आधारमा निवेदनको प्रकृया अगाडि बढाउनु पर्नेछ ।

(३) निवेदनको सबै प्रकृया पूरा भइसके पछि कार्यालयले छानबिन गरी उपयुक्त देखिएमा निवेदकलाई बीउ बिजन व्यवसायीको रूपमा दर्ता गरी नियमावलीको नियम १९ को उप-नियम (२) बमोजिम व्यवसाय सञ्चालन गर्ने अनुमतिपत्र दिनु पर्नेछ ।

(४) कार्यालयले अनुमतिपत्र प्रदान गरेको व्यवसायीहरूको विवरण अनुसूची-१ को ढाँचामा भरी चौमासिक रुपमा चौमासिक समाप्त भएको पन्ध्र दिनभित्र केन्द्रमा पठाउनु पर्नेछ ।

**५.** **तालिम लिनुपर्ने :** (१) बीउ बिजन व्यवसाय सञ्चालन गर्न अनुमतिपत्र लिन चाहने व्यवसायीले त्यस्तो अनुमतिपत्र लिनु अगावै अनिवार्य रूपमा बीउ बिजन उत्पादन तथा व्यवस्थापन सम्बन्धी अभिमूखीकरण तालिम लिई तालिम उत्तीर्ण गरेको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

(२) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो निर्देशिका लागू हुनु पूर्व अनुमतिपत्र प्राप्त गरी व्यवसाय संचालन गर्दै आएका व्यवसायीहरूले यो निर्देशिका लागू भए पश्चात प्राथमिकताका आधारमा तालिममा सहभागी भई त्यस्तो तालिम उत्तीर्ण गर्नु पर्नेछ। यस्तो तालिममा अनुत्तीर्ण हुने सहभागीलाई परीक्षा उत्तीर्ण गर्ने मौका दिनु पर्नेछ ।

**६.** **शाखा खोल्न सक्ने :** (१) बीउ बिजनको कारोवार गर्न अनुमतिपत्र लिएका व्यवसायीले कार्यालयको स्वीकृति लिई आफूले अनुमतिपत्र प्राप्त गरेको जिल्ला भित्र वा अन्य जिल्लामा शाखा विस्तार गरी कारोबार सञ्चालन गर्न सक्नेछन् ।

(२) शाखा विस्तार गर्न चाहने व्यवसायीले जिल्ला भित्र वा अन्य जिल्लामा शाखा खोली कारोवार सञ्चालन गर्न अनुसूची-२ को ढाँचामा आफूले अनुमतिपत्र प्राप्त गरेको कार्यालयमा निवेदन दिई अनुसूची-३

अनुसार स्वीकृति लिनु पर्नेछ। अन्य जिल्लामा शाखा खोल्न स्वीकृति पाएमा सो शाखामा काम गर्ने प्रमुख व्यक्तिको व्यक्तिगत विवरण सहित स्वीकृतिको जानकारी सम्बन्धित जिल्लाको कार्यालयलाई दिनु पर्नेछ।

(३) उप-दफा (१) अनुसार खुल्ने नयाँ शाखामा काम गर्ने प्रमुखले अनिवार्य रूपमा दफा ५ को उप-दफा (१) मा उल्लिखित तालिम लिई सो तालिम उत्तीर्ण गरेको हुनु पर्नेछ।

७. **<u>अनुमतिपत्रको निलम्बन, फुकुवा र दर्ता खारेज हुन सक्ने अवस्था</u> :** बीउ बिजन व्यवसायीले लिएको अनुमतिपत्र देहायको अवस्थामा निलम्बन वा खारेज हुन सक्नेछ :-

(क) ऐन र नियमावलीको बर्खिलाप हुने कुनै काम कारबाही गरेको विषयमा नियमावलीको नियम ३७ बमोजिम मुद्दा दायर भई कारबाही किनारा नलागेसम्म त्यस्तो व्यवसायीको अनुमतिपत्र सम्बन्धित कार्यालयले निलम्बन गर्न सक्नेछ। यस्तो निलम्बन मुद्दाको अन्तिम किनारा नलागिसकेको अवस्थामा समेत कायम रहनेछ। कार्यालयले अनुमतिपत्र निलम्बन भएको जानकारी अनुसूची-४ को ढाँचामा सम्बन्धित व्यवसायीलाई तथा स्थानीय प्रशासन, सम्बन्धित क्षेत्रीय कृषि निर्देशनालय, सम्बन्धित क्षेत्रीय बीउ बिजन परीक्षण प्रयोगशाला, र समितिको सचिवालयलाई दिनेछ। अनुमतिपत्र निलम्बन भएको समयमा व्यवसायीले बीउ बिजनको व्यवसाय गर्न पाउने छैनन्।

(ख) सम्बन्धित व्यवसायीले नियमावलीको नियम ३७ बमोजिम दायर मुद्दाबाट सफाई पाएको खण्डमा पुनरावेदन गर्ने म्याद समाप्त भइसकेपछि पुनरावेदन नगरिएको अवस्थामा त्यस्तो व्यवसायीको निलम्बन फुकुवा गरिनेछ। निलम्बन फुकुवाको जानकारी कार्यालयले अनुसूची-५ बमोजिम सम्बन्धित व्यवसायीलाई तथा स्थानीय प्रशासन, सम्बन्धित क्षेत्रीय कृषि निर्देशनालय, सम्बन्धित क्षेत्रीय बीउ बिजन परीक्षण प्रयोगशाला, र समितिको सचिवालयलाई दिनेछ।

(ग) ऐन तथा नियमावलीको बर्खिलाप हुने काम कारबाही गरेको नियमावलीको नियम ३७ बमोजिम दायर भएको मुद्दाबाट प्रमाणित भएमा सम्बन्धित व्यवसायीलाई जानकारी दिई त्यस्तो व्यवसायीको अनुमतिपत्र सम्बन्धित कार्यालयले खारेज गर्न सक्नेछ। अनुमतिपत्र खारेज गरिएमा त्यसको जानकारी अनुसूची-६ को ढाँचामा कार्यालयले सम्बन्धित व्यवसायी तथा स्थानीय प्रशासन, सम्बन्धित क्षेत्रीय कृषि निर्देशनालय, सम्बन्धित क्षेत्रीय बीउ बिजन परीक्षण प्रयोगशाला, र समितिको सचिवालयलाई समेत गराउनेछ। यसरी अनुमतिपत्र खारेज गरिएको व्यक्ति, संस्था वा निकायलाई पुनः त्यस्तो व्यवसाय सञ्चालन गर्ने अनुमतिपत्र  कम्तिमा दुई बर्षसम्म प्रदान गरिने छैन ।

८. **नामसारी तथा ठाउँसारी गर्न सकिने :** कुनै बीउ बिजन व्यवसायीले आफ्नो अनुमतिपत्र नामसारी गरी दिन वा व्यवसाय कुनै स्थानमा स्थानान्तरण गर्न चाहेमा सम्बन्धित कार्यालयले देहायको प्रकृया पूरा गरी नामसारी वा ठाउँसारी गर्न स्वीकृति दिन सक्नेछ :-

(क) नामसारी गरी दिन र लिन चाहने दुवै तर्फका व्यक्ति, संस्था वा निकायका अधिकार प्राप्त व्यक्ति कार्यालयमा उपस्थित भई संयुक्त रूपमा अनुसूची-७ बमोजिम निवेदन दिनु पर्नेछ ।

(ख) निवेदन साथ नामसारी गरी दिन चाहने व्यवसायीले प्राप्त गरेको सक्कल अनुमतिपत्र पेश गर्नु पर्नेछ। नामसारी गरी दिन वा लिन चाहने बीउ बिजन व्यवसायी संस्था वा निकाय भएको खण्डमा सो संस्था वा निकायको प्रतिनिधित्व गर्ने व्यक्तिले त्यस्तो संस्था वा निकायले सो व्यक्तिलाई नामसारी गरी दिन वा लिन अधिकार प्रदान गरेको पत्र निवेदन साथ संलग्न राख्नु पर्नेछ ।

(ग) संयुक्त निवेदनको साथमा नामसारी गरी लिन चाहने व्यक्ति, संस्था वा निकायले दुईसय रुपैयाँ राजस्व दस्तुर

बुझाएको सक्कलै बैंक भौचर वा कार्यालयमा नगद दाखिला गरेको रसिद संलग्न राख्नु पर्नेछ ।

(घ) खण्ड (क), (ख) र (ग) मा उल्लेख गरिएका कागजातका अतिरिक्त नामसारी गरी लिन चाहने व्यक्ति, संस्था वा निकायले यस निर्देशिकाको दफा ३, उप-दफा (२) को खण्ड (क), (ख), (घ), (ङ), र (च) मा उल्लेख भए बमोजिमका कागजातहरू निवेदनसाथ संलग्न राख्नु पर्नेछ ।

(ङ) खण्ड (क), (ख), (ग), र (घ) मा उल्लेख भए बमोजिमका कागजातहरू संलग्न राखी कार्यालयमा प्राप्त हुन आएको निवेदन कार्यालयले दर्ता गरी नामसारी गरी दिन सक्नेछ । नामसारीको निर्णय भई सके पछि कार्यालयको रेकर्डमा नामसारी गरी लिन चाहने व्यवसायीको सम्पूर्ण विवरण जनाई नियमावलीको अनुसूची-१० बमोजिमको अनुमतिपत्र तथा यस निर्देशिकाको अनुसूची-८ बमोजिम नामसारी स्वीकृतिपत्र प्रदान गर्नेछ र सोको जानकारी कार्यालयले केन्द्रमा दिनु पर्नेछ ।

(च) कुनै बीउ बिजन व्यवसायीले व्यवसाय सञ्चालन भई रहेको स्थानबाट आफ्नो मुख्य या शाखा कार्यालय जिल्लाको अन्य स्थानमा वा अन्य जिल्लामा सारी कारोबार गर्न चाहेमा अनुसूची-९ बमोजिमको निवेदन ठाउँसारी गर्न चाहेको जिल्लास्थित कार्यालयमा पेश गर्नु पर्नेछ । ठाउँसारीको लागि दिने निवेदनसाथ सक्कल अनुमतिपत्र समेत पेश गर्नु पर्नेछ ।

(छ) खण्ड (च) अनुसार पेश भएको निवेदनको साथमा दुईसय रुपैयाँ राजश्व दस्तुर बुझाएको सक्कलै बैंक भौचर वा कार्यालयमा नगद दाखिला गरेको रसिद संलग्न राख्नु पर्नेछ ।

(ज) खण्ड (च) अनुसार पेश भएको निवेदनसाथ यस निर्देशिकाको दफा ३ को उप-दफा (२) को खण्ड (ख) र (घ) मा उल्लिखित कुराहरू समेत समावेश गर्नु पर्नेछ ।

(झ) उही जिल्लामा ठाउँसारी गर्ने हिसावले खण्ड (च), (छ), र (ज) मा उल्लेख भए बमोजिमका सबै कागजातहरू समेटी पेश भएको निवेदन कार्यालयले दर्ता गरी ठाउँसारी गरी दिन सक्नेछ। ठाउँसारी गर्न दिने निर्णय भई सके पछि कार्यालयले आफ्नो रेकर्डमा जनाई पहिले प्रदान गरिएको अनुमतिपत्र रद्ध गरी अनुसूची-१० बमोजिम ठाउँसारीको अनुमतिपत्र प्रदान गर्न सक्नेछ। यसरी दिइने अनुपतिपत्रको कैफियतमा पहिलाको प्रमाणपत्रको दर्ता नम्बर र मिति उल्लेख गरी दिनु पर्छ।

(ञ) अर्को जिल्लामा ठाउँसारी गर्न चाहने व्यवसायीको हकमा पहिले व्यवसाय संचालन गरी रहेको जिल्लास्थित कार्यालयको सिफारिसमा खण्ड (झ) मा उल्लिखित प्रक्रिया अवलम्वन गरी आफ्नो जिल्लामा ठाउँसारी गरी दिन सक्नेछ।

९. **वार्षिक कारोबारको विवरण पेश गर्नु पर्ने :** बीउ बिजन व्यवसायीको रूपमा अनुमतिपत्र प्राप्त गरेका व्यक्ति, संस्था, वा निकायले आफूले एक आर्थिक बर्षमा गरेको बीउ बिजनको कारोबारको विवरण अनुसूची-११ बमोजिम तयार गरी श्रावण मसान्तभित्र कार्यालयमा पेश गर्नु पर्नेछ। शाखा कार्यालय समेत हुने व्यवसायीले मुख्य र शाखा कार्यालयको एकमुष्ट विवरण खुलाई कार्यालयमा पेश गर्नु पर्नेछ।

१०. **बीउ बिजन व्यवसायीको अनुगमन :** (१) बीउ बिजनको कारोबारमा संलग्न व्यवसायीले ऐन, नियमावली एवम् सो अन्तरगत बनेका निर्देशिका अनुरुप व्यवसाय सञ्चालन गरे नगरेको जिल्लामा कार्यरत बाली निरीक्षक, बीउ बिजन नमूना संकलक, सम्बन्धित विषयका अधिकृतहरू वा कार्यालय प्रमुख तथा केन्द्रमा कार्यरत सम्बन्धित विषयका अधिकृतहरूबाट आवश्यकता अनुसार अनुगमन तथा निरीक्षण गरिनेछ।

(२) अनुगमन तथा निरीक्षणमा जाने पदाधिकारीले अन्य कुराहरूका अतिरिक्त अनुमतिपत्र लिई कारोवार गरे नगरेको, अनुमतिपत्रको नवीकरण समयमा गरे नगरेको, सूचित भएका बाहेक अन्य बीउ बिजनको कारोबार गरे नगरेको, निश्चित स्थान वा क्षेत्रको लागि सिफारिस गरिएका बालीका जातको बीउ अन्य स्थान वा क्षेत्रमा बिक्री गर्ने गरे नगरेको, बीउ बिजन राखिएको भाँडोमा संकेतपत्र भए नभएको,

संकेतपत्रमा खुलाउनु पर्ने सम्पूर्ण कुराहरू खुले नखुलेको, बीउ बिजनको अतिरिक्त व्यवसायीले कारोबार गर्ने अन्य सामग्रीको भण्डारण तथा बिक्री कक्षको अवस्थाका बारेमा अवलोकन तथा सोधपुछबाट जानकारी लिई आफ्नो प्रतिवेदनमा खुलाउनु पर्नेछ ।

(३) अनुगमन तथा निरीक्षणमा जाने पदाधिकारीले व्यवसाय सञ्चालन स्थलमा पुगी सर्वप्रथम व्यवसायीलाई आफ्नो पूरा परिचय दिई अनुगमन तथा निरीक्षणको लागि व्यवसाय स्थलमा आएको जानकारी गराउनु पर्नेछ र व्यवसायीले माग गरेको खण्डमा आफ्नो परिचय खुल्ने परिचयपत्र समेत देखाउनु पर्नेछ ।

(४) अनुगमन तथा निरीक्षणमा खटिई आएको व्यक्तिलाई व्यवसायसंग सम्बन्धित विषयमा जानकारी दिनु तथा अनुगमनमा खटिएका व्यक्तिले दिएका सुझाव एवम् निर्देशनको पालना गर्नु सम्बन्धित बीउ बिजन व्यवसायीको कर्तव्य हुनेछ ।

(५) अनुगमनमा खटिएको व्यक्तिले अनुगमनको क्रममा पाइएका कुराहरूको गम्भिरतालाई मनन् गरी सुधार गर्न सकिने विषयहरूको हकमा सुधार गर्न व्यवसायीलाई मौखिक वा लिखित सुझाव दिन सक्नेछन् । अनुगमनबाट फर्के पछि त्यस्तो मौखिक वा लिखित सुझाव दिएका कुराहरू बारे आफू कार्यरत कार्यालयलाई जानकारी गराउनु पर्नेछ ।

(६) अनुगमनका क्रममा व्यवसायीले ऐन, नियमावली, र निर्देशिकाको बर्खिलाप हुने गरी काम कारबाही गरेको भेटिएमा र त्यस्तो व्यवसायीलाई आवश्यक कानूनी कारबाही चलाउन मनासिव देखेको खण्डमा अनुगमनकर्ताले सो सम्बन्धी जानकारी सम्बन्धित जिल्लाको बीउ बिजन नमूना संकलकलाई दिनु पर्नेछ ।

**११. निर्देशिकामा संसोधन :** नेपाल सरकारको स्वीकृतिमा राष्ट्रिय बीउ बिजन समितिले आवश्यकता अनुसार यो निर्देशिकामा संशोधन तथा थपघट गर्न सक्नेछ ।

**१२. खारेजी र बचाउ :** (१) बीउ बिजन व्यवसायी दर्ता गर्ने व्यवस्था गर्न बनेको कार्यविधि, २०६२ खारेज गरिएको छ ।

(२) उप-दफा (१) मा उल्लिखित कार्यविधि अनुसार भए गरेका काम कारबाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची-१

(दफा ४ को उप-दफा (४) सँग सम्बन्धित)

<u>बीउ बिजनको कारोबार गर्न अनुमतिपत्र प्रदान गरिएका व्यवसायीहरूको विवरण</u>

नेपाल सरकार
कृषि विकास मन्त्रालय
कृषि विभाग
क्षेत्रीय कृषि निर्देशनालय, .........
जिल्ला कृषि विकास कार्यालय,
.........................

**बीउ बिजनको कारोबार गर्न अनुमतिपत्र लिएका व्यवसायीहरूको विवरण**

आ.व. : चौमासिक :

| क्र. सं. | व्यवसायी को नाम | पद (संस्थाको हकमा) | स्थायी ठेगाना | फर्मको नाम | फर्मको ठेगाना | फोन नं. | इमेल | अनुमति पत्र नं. | जारी गरेको मिति |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

तयार गर्नेको — प्रमाणित गर्ने कार्यालय प्रमुखको

दस्तखत : ....................... — दस्तखत :............................

नाम : — नाम :

मिति : — मिति :

# अनुसूची- २

(दफा ६ को उप-दफा (२) सँग सम्बन्धित)

बीउ बिजन बिक्री वितरणको शाखा विस्तार गर्न दिने निवेदन

**विषय : बीउ बिजन बिक्री वितरण गर्ने शाखा विस्तार गरी पाउँ ।**

श्री प्रमुखज्यू,
जिल्ला कृषि विकास कार्यालय,
.......................................

मैले/हामीले यस कार्यालयबाट अनुमतिपत्र लिई सूचित बीउ बिजनको कारोबार गरी राखेको छु/छौं । मेरो/हाम्रो कारोबारको आकार बढ्दै गएकोले निम्न उल्लिखित स्थानमा शाखा विस्तार गरी बीउ बिजनको कारोबार गर्ने विचार गरेको छु/छौं । बीउ बिजन व्यवसायी दर्ता एवम् अनुगमन निर्देशिका, २०७३ को दफा ६ मा भएको व्यवस्था बमोजिम शाखा खोल्ने स्वीकृति पाउँ भनी निवेदन गरेको छु/छौं ।

**नयाँ खुल्ने शाखाको विवरण**

(१)
शाखा सञ्चालन हुने स्थान :
शाखा सञ्चालन गर्ने
प्रमुख व्यक्तिको नाम :
फोन नं :
इमेल :

(२)
शाखा सञ्चालन हुने स्थान :
शाखा सञ्चालन गर्ने
व्यक्तिको नाम :
फोन नं :
इमेल :

**निवेदकको,**
दस्तखत :
नाम :
पद (संस्था वा निकायको हकमा) :
स्थायी ठेगाना :
फर्मको नाम :
फर्मको ठेगाना :
फोन नं :
इमेल :
निवेदनको मिति :

बीउबिजन व्यवसायी अनुमतिपत्र नं. :

अनुमतिपत्र जारी गरेको मिति :

..............................................................................................

**कार्यालय प्रयोजनका लागि**
निवेदन दर्ता नं. :
दर्ता मिति :
कार्यालयको निर्णय :
निर्णय मिति :
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रलाई जानकारी दिएको मिति :

# अनुसूची- ३

(दफा ६ को उप-दफा (२) सँग सम्बन्धित)

बीउ बिजन बिक्री वितरणको लागि शाखा विस्तार गर्ने स्वीकृति

नेपाल सरकार
कृषि विकास मन्त्रालय
कृषि विभाग
क्षेत्रीय कृषि निर्देशनालय, .........
जिल्ला कृषि विकास कार्यालय,
.........................

## शाखा विस्तार गर्ने स्वीकृति

स्वीकृति पत्र नं.                                    मिति :

यस कार्यालयको मिति ........................ को निर्णय अनुसार निम्न बमोजिमको विवरण भएका श्री ........................................ लाई बीउ बिजन व्यवसायी दर्ता एवम् अनुगमन निर्देशिका, २०७३ को दफा ६ को उप-दफा (२) बमोजिम बीउ बिजन बिक्री वितरणको लागि निम्न स्थानमा शाखा खोल्ने स्वीकृति प्रदान गरिएको छ ।

**व्यवसायीको विवरण**

नाम :
पद (संस्था वा निकायको हकमा) :
स्थायी ठेगाना :
फर्मको नाम :
फर्मको ठेगाना :
फोन नं :
इमेल :

बीउ बिजन व्यवसायी अनुमतिपत्र नं. :
अनुमतिपत्र जारी गरेको मिति :

(१)

शाखा सञ्चालन हुने स्थान :

शाखा सञ्चालन गर्ने प्रमुखको

नाम :

(२)

शाखा सञ्चालन हुने स्थान :

शाखा सञ्चालन गर्ने प्रमुखको

नाम :

कार्यालय प्रमुख ..................

## अनुसूची-४
(दफा ७ को खण्ड (क) सँग सम्बन्धित)
बीउ बिजन खरीद बिक्रीको व्यवसाय सञ्चालन गर्न प्रदान गरिएको
अनुमतिपत्र निलम्बन गरिएको जानकारी

नेपाल सरकार
कृषि विकास मन्त्रालय
कृषि विभाग
क्षेत्रीय कृषि निर्देशनालय, .........
जिल्ला कृषि विकास कार्यालय,
.........................

श्री ........................................
.............................................

**विषय : अनुमतिपत्र निलम्बन गरिएको जानकारी ।**

तपाई/त्यस संस्थालाई यस कार्यालयबाट मिति ................................ मा बीउ बिजन उत्पादन तथा खरीद गरी बिक्री वितरणको व्यवसाय सञ्चालन गर्न प्रदान गरिएको अनुमतिपत्र नं. ....... तपाईं/त्यस संस्थाले ऐन र नियमावलीको बर्खिलाप हुने गरी काम कारबाही गरेको भनी नियमावलीको नियम ३७ बमोजिम ................ ............................. मा मुद्दा दायर भएको/पुनरावेदन भएको हुँदा उक्त मुद्दाको कारबाही किनारा नलागेसम्म निलम्बन गरिएको व्यहोरा जानकारी गराइन्छ । अनुमतिपत्र निलम्बन भएको समयमा तपाई/त्यस संस्थाले बीउ बिजनको कारोबार गर्न नपाउने व्यहोरा समेत जानकारी गराइन्छ ।

**अनुमतिपत्र निलम्बन गर्ने अधिकारीको**
दस्तखत :

नाम, थर :

दर्जा :

मिति :

## अनुसूची- ५

(दफा ७ को खण्ड (ख) सँग सम्बन्धित)

अनुमतिपत्रको निलम्बन फुकुवा गरिएको जानकारी

नेपाल सरकार
कृषि विकास मन्त्रालय
कृषि विभाग
क्षेत्रीय कृषि निर्देशनालय, .........
जिल्ला कृषि विकास कार्यालय,
........................

श्री .......................................

.............................................

**विषय : अनुमतिपत्रको निलम्बन फुकुवा गरिएको जानकारी ।**

तपाई/त्यस संस्थाले नियमावलीको नियम ३७ बमोजिम .................................. ........... मा दायर भएको/पुनरावेदन भएको मुद्दाबाट मिति ................. मा भएको फैसला बमोजिम सफाई पाएको र सो मुद्दाको पुनरावेदन गर्ने समय सीमाभित्र पुनरावेदन नगरिएको हुँदा यस कार्यालयको मिति .............. को पत्रानुसार निलम्बन गरिएको तपाईं/त्यस संस्थाको बीउ बिजन व्यवसायी अनुमतिपत्र नं. ....... मिति ................देखि फुकुवा गरिएको व्यहोरा जानकारी गराइन्छ ।

**अनुमतिपत्रको निलम्बन फुकुवा गर्ने अधिकारीको**

दस्तखतः

नाम, थर :

दर्जा :

मिति :

## अनुसूची-६

(दफा ७ को खण्ड (ग) सँग सम्बन्धित)

बीउ बिजन खरीद बिक्रीको व्यवसाय सञ्चालन गर्न प्रदान गरिएको अनुमतिपत्र खारेज गरिएको जानकारी

नेपाल सरकार
कृषि विकास मन्त्रालय
कृषि विभाग
क्षेत्रीय कृषि निर्देशनालय, .........
जिल्ला कृषि विकास कार्यालय,
.........................

श्री ......................................
..............................................

**विषय : अनुमतिपत्र खारेज गरिएको जानकारी ।**

तपाई/त्यस संस्थालाई यस कार्यालयबाट मिति ................................ मा बीउ बिजन उत्पादन तथा खरीद गरी बिक्री वितरणको व्यवसाय सञ्चालन गर्न प्रदान गरिएको अनुमतिपत्र नं. ....... तपाई/त्यस संस्थाले ऐन र नियमावलीको बर्खिलाप हुने गरी काम कारबाही गरेको भनी नियमावलीको नियम ३७ बमोजिम ............................................ मा दायर गरिएको/पुनरावेदन गरिएको मुद्दामा .................................................. ( कार्यालय) ले मिति ...................... मा गरेको फैसला बमोजिम प्रमाणित भएकोले तपाईं/त्यस संस्थालाई प्रदान गरिएको माथि उल्लिखित अनुमतिपत्र नं. ....... यस कार्यालयको मिति ...................... को निर्णयानुसार खारेज गरिएको व्यहोरा जानकारी गराइन्छ। निर्देशिकाको दफा ७ खण्ड (ग) को प्रावधान बमोजिम तपाईं/त्यस संस्थालाई पुनः त्यस्तो व्यवसाय सञ्चालन गर्ने अनुमतिपत्र कम्तिमा दुई बर्षसम्म प्रदान गर्न नमिल्ने व्यहोरा समेत सूचित गरिन्छ ।

**अनुमतिपत्र खारेज गर्ने अधिकारीको**

दस्तखत :
नाम, थर :
दर्जा :
मिति :

## अनुसूची-७

(दफा ८ को खण्ड (क) सँग सम्बन्धित)

बीउ बिजन बिक्री वितरण सम्बन्धी अनुमतिपत्र नामसारी गर्न दिने निवेदन

**विषय : अनुमतिपत्र नामसारी गरी पाउँ ।**

श्री प्रमुखज्यू,
जिल्ला कृषि विकास कार्यालय,
...................................

मेरो/हाम्रो नाममा यस कार्यालयमा दर्ता भएको बीउ बिजन व्यवसायी अनुमतिपत्र मेरो/हाम्रो नामबाट तल उल्लिखित विवरण बमोजिमका व्यवसायीलाई नामसारी गरी दिन चाहेकाले हामी नामसारी गरी दिन तथा नामसारी गरी लिन चाहने दुवै पक्षको मंजुरीमा यो निवेदन पेश गरेका छौं ।

**नामसारी गरी दिन चाहनेको विवरण**

दस्तखत :
बीउ बिजन व्यवसायीको नाम :
पद (संस्था वा निकायको हकमा) :
स्थायी ठेगाना :
फर्मको नाम :
फर्मको ठेगाना :
फोन नं :
इमेल :
बीउबिजन व्यवसायी अनुमतिपत्र नं. :
अनुमतिपत्र जारी गरेको मिति :
पछिल्लोपटक नवीकरण गरेको मिति :

**नामसारी गरी लिन चाहनेको विवरण**

दस्तखत :
बीउ बिजन व्यवसायीको नाम :
पद (संस्था वा निकायको हकमा) :
स्थायी ठेगाना :
फर्मको नाम :
फर्मको ठेगाना :
फोन नं :
इमेल :

निवेदनको मिति :

..............................................................................

**कार्यालय प्रयोजनका लागि**

निवेदन दर्ता नं. :
दर्ता मिति :
कार्यालयको निर्णय :
निर्णय मिति :
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रलाई जानकारी दिएको मितिः

## अनुसूची-८

(दफा ८ को खण्ड (ङ) सँग सम्बन्धित)

<u>बीउ बिजन बिक्री वितरणसम्बन्धी नामसारीपत्र</u>

नेपाल सरकार
कृषि विकास मन्त्रालय
कृषि विभाग
क्षेत्रीय कृषि निर्देशनालय, .........
जिल्ला कृषि विकास कार्यालय, .........................

**विषय : <u>नामसारी स्वीकृति पत्र</u> ।**

श्री ............................,
..................................,

तपाई(हरू)ले मिति ................................ मा यस कार्यालयमा दिनुभएको बीउ बिजन बिक्री वितरण नामसारी सम्बन्धी निवेदन अध्ययन गरी तल उल्लेख भएबमोजिमका व्यवसायीलाई बीउ बिजन व्यवसायी दर्ता एवम् अनुगमन निर्देशिका, २०७३ को दफा ८ मा भएको व्यवस्था बमोजिम निर्णय गरी यो नामसारी स्वीकृतिपत्र दिइएको छ। अतः बीउ बिजन ऐन तथा नियमावली र यस निर्देशिकाको परिधि भित्र रही कार्य गर्नु हुन समेत सूचित गरिन्छ ।

प्रमाणित गर्नेको
दस्तखत :
नाम :
पद :

बोधार्थ : .......................

**<u>नामसारी गरी दिनेको विवरण</u>**

दस्तखत :
बीउबिजन व्यवसायीको नाम :
पद (संस्था वा निकायको हकमा) :
स्थायी ठेगाना :
फर्मको नाम :
फर्मको ठेगाना :
फोन नं :
इमेल :
बीउबिजन व्यवसायी अनुमतिपत्र नं. :
अनुमतिपत्र जारी गरेको मिति :
पछिल्लोपटक नवीकरण गरेको मिति :

**<u>नामसारी गरी लिनेको विवरण</u>**

दस्तखत :
बीउबिजन व्यवसायीको नाम :
पद (संस्था वा निकायको हकमा) :
स्थायी ठेगाना :
फर्मको नाम :
फर्मको ठेगाना :
फोन नं :
इमेल :

## अनुसूची-९

(दफा ८ को खण्ड (च) सँग सम्बन्धित)

बीउ बिजन बिक्री वितरणको ठाउँसारी गर्न दिने निवेदन

**विषय : बीउ बिजन बिक्री वितरण गर्ने ठाउँसारी गरी पाउँ ।**

श्री प्रमुखज्यू,
जिल्ला कृषि विकास कार्यालय,
..................................

मेरो/हाम्रो नाममा यस कार्यालयमा दर्ता भएको बीउ बिजन व्यवसायी अनुमतिपत्रमा उल्लेख भएको कारोबार सञ्चालन हुने स्थान निम्नबमोजिम परिवर्तन गर्नुपर्ने भएकोले ठाउँसारी गरी पाउँ भनी यो निवेदन पेश गरेको छु/गरेका छौं । बीउ बिजन व्यवसायी दर्ता एवम् अनुगमन निर्देशिका, २०७३ को दफा ८ को खण्ड (च) मा भएको व्यवस्था बमोजिम ठाउँसारी गरी पाउँ ।

**निवेदकको,**
दस्तखत :
नाम :
पद (संस्था वा निकायको हकमा) :
स्थायी ठेगाना :
फर्मको नाम :
फर्मको हालको ठेगाना : फर्मको नयाँ ठेगाना :
फोन नं : नयाँ फोन नं :
इमेल : नयाँ इमेल :
बीउ बिजन व्यवसायी अनुमतिपत्र नं. :
अनुमतिपत्र जारी गरेको मिति :
पछिल्लोपटक नवीकरण गरेको मिति : निवेदनको मिति :

..........................................................................................

**कार्यालय प्रयोजनका लागि**
निवेदन दर्ता नं. :
दर्ता मिति :
कार्यालयको निर्णय :
निर्णय मिति :
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रलाई जानकारी दिएको मिति :

# अनुसूची-१०

(दफा ८ को खण्ड (झ) सँग सम्बन्धित)

<u>बीउ बिजन बिक्री वितरणको ठाउँसारी पत्र</u>

नेपाल सरकार
कृषि विकास मन्त्रालय
कृषि विभाग
क्षेत्रीय कृषि निर्देशनालय, .........
जिल्ला कृषि विकास कार्यालय,
..........................

**विषय : बीउ बिजन बिक्री वितरण गर्ने ठाउँसारीपत्र ।**

श्री ..................................,
........................................

तपाई(हरू)ले मिति .................मा यस कार्यालयमा दिनुभएको बीउ बिजन बिक्री वितरण ठाउँसारी सम्बन्धी निवेदन अध्ययन गरी बीउ बिजन व्यवसायी दर्ता एवम् अनुगमन निर्देशिका, २०७३ को दफा ८ मा भएको व्यवस्था बमोजिम यो ठाउँसारी स्वीकृतिपत्र दिइएको छ । अतः बीउ बिजन ऐन तथा नियमावली र यस निर्देशिकाको परिधि भित्र रही कार्य गर्नु हुन समेत सूचित गरिन्छ ।

**प्रमाणित गर्नेको,**
दस्तखत :
नाम :
पद :

बोधार्थ : ..................................................
व्यवसायीको नाम :
पद (संस्था वा निकायको हकमा) :
स्थायी ठेगाना :
फर्मको नाम :
फर्मको हालको ठेगाना : फर्मको नयाँ ठेगाना :
फोन नं : नयाँ फोन नं :
इमेल : नयाँ इमेल :
बीउ बिजन व्यवसायी अनुमतिपत्र नं. :
अनुमतिपत्र जारी गरेको मिति :
पछिल्लोपटक नवीकरण गरेको मिति : निवेदन स्वीकृत मिति :

## अनुसूची-११

(दफा ९ सँग सम्बन्धित)

बीउ बिजनको कारोबारमा संलग्न व्यवसायीले कार्यालयमा पेश गर्नुपर्ने बार्षिक कारोबारको विवरण

**विषय : बीउ बिजनको वार्षिक कारोबारको विवरण पेश गरेको बारे ।**

श्री प्रमुखज्यू,
जिल्ला कृषि विकास कार्यालय,
....................................

मैले/हाम्रो संस्थाले आर्थिक वर्ष ................ मा गरेको बीउ बिजनको उत्पादन र खरीद तथा बिक्री वितरणको विवरण निम्नानुसार पेश गरेको छु ।

| क्र. सं. | उत्पादन र खरीद | | | | बिक्री | | | मौज्दात (कि.ग्रा.) |
|---|---|---|---|---|---|---|---|---|
| | स्रोत | बाली | जात | परिमाण (कि.ग्रा.) | बाली | जात | परिमाण (कि.ग्रा.) | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

नोट : खरीदको स्रोतमा आफूले कहाँबाट खरीद गरेको हो खुलाउने । आयात वा आन्तरिक बजारबाट खरीद मात्र उल्लेख गर्ने ।

**विवरण पेश गर्नेको,**

दस्तखत :
नाम :
पद (संस्था वा निकायको हकमा) :
फर्मको नाम :
फर्मको ठेगाना :
शाखा कार्यालय छन् भने तीनको नाम, ठेगाना : फोन नं :
बीउ बिजन व्यवसायी अनुमतिपत्र नं. :
पेश गरेको मिति :